## चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अवलचिङ्ग सर्खेत

## कर्णाली प्रदेश

# नदिजन्य पदार्थ उत्खनन गरी बक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना (E-Bid)

(प्रथम पटक प्रकाशित मिति :२०७९/०५/१४ गते)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), १ घ (६) मा भएको व्यवस्था, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि - २०७७ यस सम्बन्धि प्रचलित एन नियम, र गाउँ सभाको निर्णय बमोजिम यस चिङ्गाड गाउँपालिकाले तोकिएको नदि र खोलाहरुको स्वीकृत स्थानहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी चिङ्गाड गाउँपालिकाले तोकेको दरमा बिक्री गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत Sanima Bank ,सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक (ग १.१) राजस्व खाता नं ०९९०१००४००००००९ मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेश गरि मिति: २०७९/०५/२८ गते समय १२:०० बजेसम्म बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफुले कबोल गरेको अंकको (भ्याट सहित को रकम) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी हि.नं.०६९०१००२००००४५ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क श्रेणी बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन २०७९/०५/२८ दिनको १२.०० बजे भित्र दर्ता गर्न सकिने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २०७९/०५/२८ दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनको १ बजे खोलिने छ।

६. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगदी स्थल तोकि सोही निर्धारित स्थलबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्ने।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

१०. यस गाउँपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ घ (१), घ (२), १ घ (६) मा भएको व्यवस्था, यस सम्बन्धि प्रचलित एन नियम, नदिजन्य निर्माण सामाग्रीहरुको प्रयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाइने छैन।

११. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको www.chingadmun.gov.np मा समेत हेर्न सकिनेछ साथै www.bolpatra.gov.np मा समेत हेर्न सकिने छ।)

**तपसिल**

| सि.नं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन मिटर) | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | 79/80/SQ/CRM/ MINES/01 | ढुङ्गा, गिट्टी, र बालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरण | ६८५८ | ७२६५६४.६४ | मू.अ.कर सहितको कबोल अङ्कको ५% | १००० |

**प्रमुख प्रशासकीय अधिकृत**